# विकास योजना/कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०७।२०

**प्रस्तावना** :
स्थानीय सरकारबाट विनियोजित बजेट जवाफदेही, पारदर्शी तथा मितव्ययी ढंगबाट गुणस्तरयुक्त र प्रभावकारी तरिकाले परिचालन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ प्रयोग गरी अजिरकोट गाउँपालिकाले **विकास योजना/कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०** गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम विकास योजना/कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

(क) "सार्वजनिक खरिद ऐन तथा नियमावली भन्नाले" सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ।

(ख) "योजना भन्नाले" गाउँसभाले स्वीकृत गरेका योजना, आयोजना वा कार्यक्रमलाई समेत सम्झनुपर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले आयोजना, योजनावाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरूको समूहले कुनै योजना निर्माण सञ्चालन व्यवस्थापन र मर्मत संभार गर्नको लागि आँफुहरू मध्येबाट तोकिएको प्रक्रिया पुरा गरी गठन गरेको समितिलाई सम्झनु पर्छ र सो शब्दले लाभग्राहीको समूह समेतलाई जनाउछ।

(घ) "खुल्ला वोलपत्र वा सिलवन्दी दरभाउपत्र " भन्नाले कुनै योजना निर्माण सञ्चालन मर्मत संभार गर्नको लागि निश्चित कानूनी प्रक्रिया पुरा गरी छनौट भएको निर्माण व्यवसायी, आपूर्तिकर्ता, फर्म वा कम्पनीलाई सम्झनुपर्छ।

(ङ) "सम्झौता" भन्नाले योजना /कार्यक्रम सञ्चालन व्यवस्थापन तथा अन्य काम गर्ने सम्बन्धमा दुई पक्षविच भएको करार वा शर्तनामालाई सम्झनुपर्छ।

(च) "अनुगमन तथा सुपरिवेक्षण" भन्नाले योजना वा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको कुनै पनि समय र स्थानमा गरिने अवलोकन, निरिक्षण, सुपरीवेक्षण वा अध्ययन गरी सुझाव र अन्तिम प्रतिवेदन दिने कार्यलाई सम्झनुपर्छ।

(छ) "प्राविधिक परिक्षण" भन्नाले कुनै योजना वा सामान आदिको प्राविधिक स्पेसिफिकेसन तथा स्टीमेट, ड्रइङ डिजाइन अनुसार गुणस्तर र मापदण्डको छ छैन भनि योग्यता पुगेको जनशक्तिबाट गरिने जाँच परिक्षणलाई सम्झनुपर्छ।

(ज) "सार्वजनिक परिक्षण" भन्नाले योजना वा कार्यक्रम सम्पन्न भएपछि उपभोक्ता समिति वा लाभग्राही समूहले आँफुले गरेको कार्य र सोमा लागेको खर्च योजना वा कार्यक्रमसँग सम्बद्ध पक्ष,पदाधिकारी, जनप्रतिनिधिहरू माझ सार्वजनिक गर्ने कार्यलाई सम्झनुपर्छ।

(झ) "टोल विकास संस्था भन्नाले" गाउँपालिकामा दर्ता भएको कुनै टोलमा गठित टोल विकास संस्थालाई सम्झनु पर्दछ।

(ञ) "प्रमुख पद" भन्नाले अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ।

३. कार्यक्षेत्रः

(१) यस गाउँ पालिकामा सञ्चालन  हुने योजना वा कार्यक्रमको सञ्चालन  र व्यवस्थापनका साथै कुनै सामान आपूर्ति गर्नु पर्ने कार्यसँग यस कार्यविधिको कार्यक्षेत्र सम्बन्धित हुनेछ।

## परिच्छेद २

## विकास योजना/कार्यक्रम सञ्चालन  तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

४. विकास योजना सञ्चालन  र व्यवस्थापनः

(१) यस गाउँपालिकामा सञ्चालन  हुने योजना वा कार्यक्रम वा आपूर्ति कार्य उपभोक्ता समिति, व्यवस्थापन समिति र निर्माण व्यवसायी वा फर्म/कम्पनीबाट हुनेछ। तर, जटिल प्राविधिक विषय समावेश भएका वा विशेष प्राविधिक ज्ञान भएका जनशक्ति आवश्यक पर्ने बाटो स्तरोन्नती वा पिच गर्ने कार्य, खानेपानीको ठूला रिजर्भवायर टंकी बनाउनुपर्ने कार्य जस्ता टुक्रे योजना बाहेकका भवन बनाउने अथवा पाँच लाख भन्दा माथिका कार्य र परामर्श सम्बन्धी कार्यहरू निर्माण व्यवसायी वा कन्सल्टेन्टहरुबाट मात्र गराउन सकिने छ। निर्माण कार्यहरू गर्दा-गराउँदा सके सम्म पालिकाको आफ्नै ब्याकहुलोडर मार्फत गराउन पर्ने छ।

५. उपभोक्ता समितिको गठन सम्वन्धी व्यवस्थाः

(१) कम्तिमा ७ दिन पहिला उपभोक्ता समिति गठन हुने मिति, समय र स्थानबारे सार्बजनिक सुचना जारी गरी योजनासँग प्रत्यक्ष प्रभावित हुने जनताको आमभेलाबाट सम्वन्धित टोल विकास संस्था, जनप्रतिनिधि र कर्मचारीको रोहवरमा ७-११ जना सम्मको उपभोक्ता समिति गठन गरिने छ। तर, देहायका व्यक्तिहरू उपभोक्ता समितिमा बस्न पाउने छैनन्-

(क) निर्माण व्यवसायी

(ख) शिक्षक/कर्मचारी (स्थायी/अस्थायी)

(ग) जनप्रतिनिधि

(घ) गाउँपालिकामा बेरुजु बाँकी रहेको, फौजदारी वा नैतिक पतन देखिने कसुरमा सजाय पाई सजाय भुक्तान भएको दुई वर्ष नपुगेको वा सजाय नपाएको भएपनि समाजमा नैतिक पतन हुने कार्यमा जानिजानि मुछिएको व्यक्ति

(ङ) टोल विकास संस्थाका प्रमुख पदाधिकारीहरू

(२) एकैपटक (एक आ.व.मा) एउटै व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिमा बस्न पाउने छैन।

(३) उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत र प्रमुख पदहरू मध्ये कम्तिमा एउटा पदमा महिला अनिवार्य हुनुपर्नेछ र बसोवासको अवस्थाको आधारमा जनजाती तथा दलितहरूको पनि प्रतिनिधित्व भएको हुनुपर्ने छ।

(४) उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था **अजिरकोट गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४** बमोजिम हुने छ ।

६. उपभोक्ता समितिको काम ,कर्तव्य र अधिकारः

(१) सबै सदस्यहरूको नागरिकताको प्रतिलिपी सहित प्रमुख पदका व्यक्तिहरू स्वयं उपस्थित भई गाउँ कार्यापालिकाले तोकेको ढाँचामा सम्बन्धित योजनाको सम्झौता गर्ने।

(२) कामको सिलसिलामा कुनै बाधा अवरोध आएमा सम्बन्धित पक्षसँग तुरुन्त सम्पर्क गरी बाधा अड्काउ फुकाउने।

(३) समय समयमा कामको प्रगतिको अनुगमनको लागि वडा कार्यालयमा अनुरोध गर्ने।

(४) अनुगमनमा जाने टोलीलाई सहयोग गर्ने र अनुगमन टोलीबाट प्राप्त सुझाव सल्लाहलाई कार्यान्वयन गर्ने।

(५) सबै व्यवस्थापन समितिले पनि उपभोक्ता समितिकै कार्यविधि र प्रक्रिया अपनाउनु पर्नेछ।

(६) उपभोक्ता समितिको निर्णय सर्वसम्मत गनुपर्ने, सर्वसम्मत हुन नसकेमा सोको कारण खोली बहुमतको आधारमा पनि निर्णय गर्न सकिने छ।

(७) उपभोक्ता समिति वा लाभग्राही समूह/समितिले समय समयमा र अन्तिममा **अजिरकोट गाउँपालिका उपभोक्ता समिति गठन, सञ्चालन तथा गठन कार्यविधि २०७४** बमोजिमको फारममा भौतिक र वित्तिय प्रगति वडामार्फत गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

(८) कार्य सम्पन्न भए पश्चात वडा अध्यक्ष वा निजले खटाएको सदस्य वा टोलविकास संस्थाको पदाधिकारीको रोहवर र आम उपभोक्ताहरूको विचमा **अजिरकोट गाउँपालिका उपभोक्ता समिति गठन, सञ्चालन तथा गठन कार्यविधि २०७४** बमोजिमको ढाँचामा सार्वजनिक परिक्षण गर्ने।

(९) सार्वजनिक परिक्षण सकिएपछि आवश्यक कागजात सहित कार्यालयमा भुक्तानीको लागि पेश गर्ने।

(१०) योजनाको कार्य सम्पन्न भएपछि यसको दिगोपना र नियमित मर्मत संभारको लागि योजनालाई टोल विकास संस्थाको अपनत्वमा हस्तान्तरण गर्नु पर्नेछ र सोको सिफारिसको आधारमा भुक्तानी हुनेछ।

(११) एकै प्रकृतिको कार्य सोही स्थानमा सोही आ.व. भित्र गर्नुपरेमा गाउँपालिकाले सोही उपभोक्ता समितिमार्फत थप काम समेत गराउन सक्नेछ।

७. योजनाको लागत सहभागिता सम्बन्धमा

(१) उपभोक्ता वा लाभग्राही समूहबाट सञ्चालन हुने आयोजनाहरूमा बढि भन्दा बढि लागत सहभागिता जुटाउन प्रोत्साहन गर्नुपर्नेछ।

(२) नगद वा जनश्रमदान वा दुबै गरी कम्तीमा ११% लागत साझेदारी उपभोक्ताबाट अनिवार्य जुटाउनु पर्नेछ।

(३) जुन पक्षबाट कार्यक्रम सम्झौता भएको हो सोही पक्षबाट सञ्चालन गराउनु पर्नेछ।

(४) उपभोक्ता वा लाभग्राही समूहबाट निर्माण व्यवसायी वा अन्य पक्षलाई र निर्माण व्यवसायी वा फर्म/कम्पनिले उपभोक्ता वा लाभग्राही समूलाई आफूले प्राप्त गरेको काम गाउँपालिकाको स्वीकृति बिना दिन पाइने छैन।

(५) उपदफा (४) बमोजिम दिइएको पाइएमा सम्झौता तत्काल रद्द गरी कार्यसञ्चालन को वैकल्पिक व्यवस्था गरिने छ।

८. योजना सम्झौता सम्बन्धी व्यवस्थाः

(१) आवश्यक प्रक्रिया पुरा गरी योजना छनौट गर्ने र छनौट भएका निकायहरूले योजना सम्झौता गरिपाउँ भनी गाउँपालिकामा लिखित निवेदन पेश गर्नुपर्नेछ भने प्रशासन तथा योजना शाखाले आवश्यक प्रक्रिया र कागजात पुरा भए नभएको एकिन गरी योजना तथा कार्यक्रम सम्झौता गर्न टिप्पणी उठाउनु पर्नेछ। सदर टिप्पणी आदेशका आधारमा योजनाको विस्तृत विवरण, व्यहोरिने स्रोत, कट्टी हुने रकम र योजना सम्पन्न हुने अवधि समेत तोकि सम्झौता गरी कार्यदिश दिनु पर्नेछ। साथै उपभोक्ता समिति/लाभग्राही समूह/व्यवस्थापन समितिबाट कार्यान्वयन हुने योजनाको हकमा लागत अनुमान नेपाली भाषामा हुनु पर्ने छ ।

(२) सम्झौतामा उल्लेख भएको करार अवधि भन्दा योजनाको अवधि थप हुने छैन। तोकिएको अवधि भित्र कार्य सम्पन्न नगरेको अवस्थामा उक्त सम्झौता रद्द गरी कानून वमोजिम कारबाही समेत गरी बजेट रकमान्तर गरिनेछ। त्यस्तै तोकिएको समयभित्र समिति गठन नगरी वा समिति गठन गरेर पनि समझौता गर्न नआएमा उक्त योजना कटौती गरी रकमान्तर गर्न सकिनेछ। तर निर्माण व्यवसायीहरूको हकमा भने सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ। माथि जुनसुकै कुरा उल्लेख गरिएता पनि विशेष परिस्थिती सृजना भएको अवस्थामा भने कार्यपालिकाले त्यस्तो योजनाको औचित्यको आधारमा म्याद थप गर्न सक्नेछ।

## परिच्छेद ३

## विकास योजना कार्यक्रमको अनुगमन, सुपरिवेक्षण तथा निरिक्षण सम्बन्धमा

९. अनुगमन निरिक्षणः

(१) कार्यान्वयनको चरणमा रहेको योजना वा कार्यक्रमको जुनसुकै बखत पनि अनुगमन, निरिक्षण वा सुपरीवेक्षण गर्न सकिने छ।

(२) वडा स्तरबाट संचालित योजना वा कार्यक्रमहरू वडास्तर र आवश्यकता अनुसार गाउँकार्यपालिका स्तरिय अनुगमन समितिले समेत अनुगमन निरिक्षण गर्न सक्नेछ।

(३) वडा कार्यालयबाट सञ्चालन भएका योजना वा कार्यक्रमहरूको वडा कार्यालयबाट समय समयमा अनुगमन गरी गाउँ कार्यपालिकामा हुने समिक्षा बैठकमा आफ्नो वडाको तर्फबाट वडा अध्यक्षले प्रस्तुती गर्नु पर्नेछ।

(४) गाउँ कार्यपालिकाबाट संचालित योजना वा कार्यक्रमहरूको गाउँपालिका उपाध्यक्षले प्रगति प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ।

(५) बैठकमा प्रस्तुत प्रगतीको आधारमा गाउँ कार्यपालिकाबाट अनुगमन निरिक्षण सम्बन्धमा थप निर्णय गर्नुपर्नेछ।

(६) अनुगमन निरिक्षण गर्दा दिइएका सुझावहरू सम्बन्धित पक्षले तुरुन्त कार्यान्वयन गर्नुपर्नेछ।

(७) वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण फारम अनुसूचि १ बमोजिम हुनेछ।

(८) पालिका स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण फारम अनुसूची (२) बमोजिम हुनेछ।

(९) योजना जाँचपास तथा फरफारक समिति अनुसूची (४) बमोजिम हुनेछ।

(१०) पालिका स्तरीय योजना अनुगमन तथा मुल्याङ्कन समिति अनुसूची ३ बमोजिम हुने छ ।

## परिच्छेद ४
## भुक्तानी सम्बन्धी व्यवस्था

१०. योजनाको भुक्तानीः

(१) योजनाहरूको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक परिक्षणको प्रतिवेदन, उपभोक्ता समितिको भुक्तानी माग सम्बन्धमा भएको निर्णयको प्रतिलिपी, योजना शाखाको टिप्पणी, वडा कार्यालयको वडा समितिले भुक्तानीको लागि गरेको निर्णय माइन्युट सहितको सिफारिस, पालिका स्तरीय अनुगमन समितिको कार्य सम्पन्न प्रतिवेदन, टोल विकास संस्थाले अपनत्व ग्रहण गरेको सिफारिस, योजनासँग सम्बन्धित फोटोहरू, स्वघोषणा सहितको निवेदन, म्याद थप लगायतका अन्य आवश्यक कागजात भए सो समेत संलग्न गरी पेश भएपछि गाउँपालिकाबाट प्रकाशन भएको सात दिने भुक्तानीको आशय सम्बन्धी सूचना र सो सुचना उपर कुनै दावि वा उजुरी परेमा त्यसको सुनुवाई गरि योजना जाँचपास तथा फरफारक समितिले भुक्तानी गर्ने निर्णय गरेपछि आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी योग्य रकम समिति वा सँस्थाको बैक खातामा विभिन्न कोष कट्टी नियमानुसारको कर कट्टी गरी बाँकी रकम भुक्तानी गरिनेछ। तर भुक्तानी सम्बन्धमा कार्यपालिकाबाट आवश्यक परेमा थप निर्णय गरी उपयुक्त लागेको अन्य व्यवस्था पनि गर्न सकिनेछ।

११. कालोसूचि सम्बन्धी व्यवस्थाः

(१) स्टीमेट अनुसार काम नगरेकोलाई काम सम्पन्न गरेको भनि पेश गरेको, तोकिएको गुणस्तर परिमाण अनुसार काम नगरेको लाई पुगेको प्रतिवेदन दिने उपभोक्ता समिति वा लाभग्राही समूह वा प्राविधिक कर्मचारीलाई कालो सूचिमा राखी कानुन अनुसार कारबाही गरिनेछ। सामान्यतया उपभोक्ता समिति र व्यवस्थापन समितिहरूबाट सञ्चालन हुने २० लाख भन्दा कम रकमको योजनाहरूमा पेश्की रकम उपलब्ध गराइने छैन, अन्यको हकमा भने कार्य प्रकृति हेरी रनिङ बिल उपलब्ध गराउन सकिनेछ।

(२) कागजात वा प्रक्रिया नपुगेका वा कार्य सम्पन्न नै नगरी भुक्तानीको लागि सिफारिस गर्ने कर्मचारी वा पदाधिकारीलाई कानूनअनुसार बिभागीय कारबाही गरिनेछ।

(३) उपदफा १ बमोजिम गलत काम गर्ने उपभोक्ता समूह/लाभग्राही समूह वा निर्माण व्यवसायीहरूलाई यस गाउँपालिकामा अब उपरान्त कुनै काम गर्न नपाउने गरी कालो सूचिमा राखी कारबाही चलाइने छ र त्यस्तो विवरण छिमेकी स्थानीय तहहरूमा पनि पठाउन सकिनेछ।

(४) उदाहरणीय काम गर्ने कर्मचारी, पदाधिकारी, निर्माण व्यवसायी वा उपभोक्ता समूहलाई उचित पुरस्कारको प्रबन्ध गरी प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिनेछ।

## परिच्छेद ५
## विविध

१२. योजना सञ्चालन  प्रक्रियाः

जटिल प्राविधिक विषय समावेश भएका वा विशेष प्राविधिक ज्ञान भएका जनशक्ती आश्यक पर्ने योजना वा कार्यक्रम साथै रू. १५ लाख देखि माथिका योजनाहरू निर्माण व्यवसायीहरूबाट गराउनु पर्नेछ । त्यो भन्दा तलका योजनाहरू आवश्यकता अनुसार निर्माण व्यवसायीहरू वा व्यवस्थापन समिति वा उपभोक्ता समितिबाट पनि गराउन सकिनेछ।

१३. कट्टी हुने रकम सम्बन्धमाः

गाउँ कार्यपालिकाबाट सञ्चालन भएका योजना वा कार्यक्रम विनियोजित बजेटबाट, ३ प्रतिशत रकम योजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी खर्च) कट्टा गरी सम्बन्धित कोषमा जम्मा गरिनेछ। कन्टेन्जेन्सी कोषमा जम्मा भएको रकमवाट योजना सञ्चालनको क्रममाहुने चालु खर्चका साथै पूजीगत खर्च गरिनेछ र आयोजना ब्यबस्थापनमा लाग्ने सामान्य स्टेशनरी, खाना, खाजा, भाडा र सूचना पाटि लगायतको मसलन्द खर्चमा योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति/व्यवस्थापन समिति/टोल विकास सँस्थालाई बढीमा तिन हजारसम्म एउटा योजना कार्यान्वयन बापत इस्टिमेटमा सँलग्न गर्न सकिनेछ र विल भरपाईहरु पेश भएपछि उक्त रकम भुक्तानी हुनेछ।

१४. विवाद समाधान सम्बन्धमाः

आयोजना सञ्चालन को बखत आई पर्न सक्ने साना तीना बाधा व्याबधानहरू योजना माग गर्ने पक्षले मिलाउनु पर्नेछ र जटिल खालका समस्या समाधान गर्न वा निर्माण व्यवसायीहरूबाट सञ्चालित योजनाहरूमा आउने समस्याहरू समाधान गर्नको लागि वडा अध्यक्षको संयोजकत्वमा टोलविकास संस्थाको प्रतिनिधि, स्थानीय बुद्धिजिवी, मेलमिलापकर्ता र सम्बन्धित क्षेत्रको वडा सदस्य सहितको समिति गठन गर्न सकिनेछ र उपभोक्ता समिति गठन वा सञ्चालन  सम्बन्धमा कुनै विवाद भई उपभोक्ता समिति गठन हुन नसकेमा वा कार्य सञ्चालन हुन नसकेमा वडा कार्यालयबाट समस्याको समाधान हुनेछ। वडा कार्यालयबाट समाधान हुन नसकेमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१५. विकास निर्माणको काम गर्न गाउँपालिकामा दर्ता भएको हुनुपर्नेः

अजिरकोट  गाउँपालिकाका योजना वा कार्यक्रम सञ्चालन गर्दा गराउँदा गाउँपालिकाको स्वामित्वमा रहेका उपकरणहरुको प्रयोग गर्नु पर्ने छ । गाउँपालिकामा उपकरणको उपलब्धता नभएको अवस्थामा गाउँपालिकामा दर्ता भई कर बुझाएको फर्म/कम्पनिको उपकरणको प्रयोगलाई प्राथमिकता दिई कार्य गर्नु पर्ने छ ।

१६. साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिनेः

गाउँपालिकाको आफ्नो स्रोत,संघ, प्रदेश वा अन्य निकायहरूको समेत लगानी रहने गरी सम्बन्धित कार्यक्रम वा निकायको शर्तमा प्रतिकुल नहुने गरी साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिनेछ। त्यस्ता योजनाको हकमा उपभोक्ता लागत साझेदारीलाई प्रोत्साहन गरिनेछ।

१७. योजना जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्थाः

आवश्यक सम्पुर्ण कागजात सहित भुक्तानीको लागि योजना सञ्चालन गर्ने निकायले प्रशासन तथा योजना शाखामा निवेदन पेश गर्नु पर्नेछ। प्रशासन तथा योजना शाखाले प्राविधिक शाखाबाट स्वीकृत अन्तिम प्राविधिक बिल

सहित सम्बन्धित योजनासँग सम्बन्धित सम्पुर्ण प्रक्रिया पुरा भएको एकिन गरी अनुसूची ४ मा उल्लेखित समितिको बैठकमा पेश गर्नुपर्नेछ। उक्त समितिले सार्वजनिक सूचना उपर कुनै दावी विरोध नपरेमा सोही व्यहोरा उल्लेख गरी भुक्तानी दिन सिफारिस गर्नुपर्नेछ। तर कुनै दावी विरोध दर्ता भएमा समिति संयोजकले उक्त योजनामा सम्बन्धित नभएका अन्य प्राविधिक (आवश्यक परेमा पालिका बाहिरका समेतलाई) पुन जाँचबुझ गरी प्रतिवेदन माग्नु पर्नेछ र सोही प्रतिवेदनका आधारमा समितिले भुक्तानी सम्बन्धी निर्णय गर्नुपर्नेछ। समितिको सिफारिसका आधारमा प्रशासन तथा योजना शाखाबाट टिप्पणी उठाएर सदर भएपछि कानून अनुसार कट्टी हुने रकम बाहेकको अन्य रकम योजना/कार्यक्रम सञ्चालन  गर्ने निकायको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ।

१८. सूचना पाटी सम्बन्धी व्यवस्थाः

३ लाख भन्दा माथिका योजना निर्माण गर्दा सुरु र सम्पन्न मिति, काम गर्ने पक्ष, कामको विवरण, उपभोक्ता वा लाभग्राही समूहले व्यहोर्ने लागत र उपभोक्ता समिति, ठेकेदार वा व्यवस्थापन समितिको संक्षिप्त विवरण समेत खुल्ने गरी सबैले देख्ने अनिबार्य ठाउँमा साइनबोड राख्नु पर्नेछ।

१९. योजनाको अपनत्व ग्रहण सम्बन्धमाः

आयोजना सम्पन्न पश्चात अन्तिम भुक्तानी गर्नु अघि टोल विकास संस्थाले अनुसूचि ५ बमोजिमको ढाँचामा योजना तथा कार्यक्रमको अपनत्व ग्रहण गरेको हुनुपर्ने छ । ठेक्काको हकमा १३ महिनापछि मात्र योजना हस्तान्तरण हुनेछ । ठेक्काको योजना रकम भुक्तानी हुनु पुर्व टोल विकास संस्थाको अपनत्व ग्रहण गरेको अनुसूची ५ अनुसारको फारम अनिवार्य हुनेछ ।

२०. तालिम तथा अभिमूखीकरण दिन सकिनेः

कार्यमा एकरुपता ल्याउन तथा प्रभावकारीता बढाउनको लागि उपभोक्ता तथा लाभग्राही समूहका प्रमुख पदाधिकारीहरूलाई काम सम्बन्धी कुरामा गाउँपालिकावाट तालिम तथा अभिमूखीकरण दिन सकिनेछ।

२१. उपभोक्ता समितिबाट सञ्चालन हुने विकास योजना कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था अजिरकोट गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम हुनेछ ।

२२. बाधा अड्काउ फुकाउः

यस कार्यविधिमा कुनै कानूनी समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

२३. खारेजी तथा बचाउः

(१) संघीय तथा प्रदेश कानून सँग अजिरकोट  गाउँपालिकाको विकास योजना/आयोजना कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० वाझिएमा सो वुँदा स्वत खारेज भएको मानीने छ ।

(२) यो कार्यविधि जारी हुनु पूर्व भएका कार्य यसै कार्यविधि अनुसार भएको मानिने छ

**अनुसूचि १**

**कार्यविधिको दफा ९ को उपदफा (७) सँग सम्बन्धित**

**वडा स्तरिय अनुगमन तथा सूपरिवेक्षण फाराम**

**अजिरकोट गाउँपालिका**

<table>
<tr><td colspan="5">अजिरकोट गाउँपालिका वडा नं</td><td colspan="3">आ.व. ०७९/०८०</td></tr>
<tr><td colspan="8">आयोजना कार्यक्रमको नाम:</td></tr>
<tr><td colspan="8">आयोजना कार्यक्रमको प्रकार भौतिक पूर्वाधार निर्माण सामाजिक सशक्तिकरण वा सामाजिक क्षमता विकास आयआर्जन क्रियाकलाप अन्य</td></tr>
<tr><td>सि.नं.7:247:32A57<br>:167:347:34</td><td colspan="4">निरिक्षणका विषयहरु</td><td>भएको</td><td>नभएको</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td colspan="4">आयोजना कार्यक्रमको कूल लागत रु.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>क. विनियोजित रकम रु.</td><td colspan="3">ग. गाउँपालिका वडा कार्यालय अनुदान रु.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">ख. जनश्रमदान:</td><td colspan="2">घ. अन्य निकाय:</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td colspan="4">आयोजना निर्माणको अवधि देखि</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">क. सुरु मिति:</td><td colspan="2">ख. सम्पन्न मिति:</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहलाई तालिमको व्यवस्था</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहमा सहभागिता</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">क. महिला:</td><td colspan="2">ख. पूरुष:</td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले सम्बन्धित निकायसंग सम्झौता गरी सकेपछि लागत विवरण कार्य शुरु हुने,सम्पन्न हुने मिति खुलेको,होडिङ बोर्ड राखे नराखेको</td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले खर्चको विवरण राखे नराखेको</td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td colspan="4">उपभोत्ता समिति समूह निर्माण व्यवसायीले आयोजनाको बारेमा छलफल गर्ने गरेको नगरेको</td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले गरेको कार्यको अभिलेख माईन्युट राखे नराखेको</td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td colspan="4">आयोजना कार्यक्रमको सम्बन्धित प्राविधिक सरोकारले नियमित रेखदेख सुपरिवेक्षण गरेको नगरेको</td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td colspan="4">कार्य तालिका सामुदायिक कार्य योजना अनुसार काम भएको नभएको</td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td colspan="4">निर्माण कार्य सन्तोषजनक भएको नभएको</td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td colspan="4">आयोजना कार्यन्वयन गर्दा वातावरणीय पक्षलाई ध्यान दिएको नदिएको</td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td colspan="4">उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले योजना सम्पन्न भएको भए सार्वजनिक परीक्षण गरी आम्दानी खर्च सार्वजनिक गरेको नगरेको</td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td colspan="4">लक्ष्य अनुरुप प्रगति भए नभएको</td><td></td><td></td><td></td></tr>
<tr><td>१५</td><td colspan="2">आयोजना कार्यक्रमबाट लाभान्वित समुह घरधुरी संख्या</td><td colspan="2"></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">क. महिला:</td><td colspan="2">ख. पूरुष:</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">ग. दलित:</td><td colspan="2">घ. अन्य:</td><td></td><td></td><td></td></tr>
<tr><td>१६</td><td colspan="4">आयोजना कार्यक्रमको मुख्य उपलब्धि</td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td colspan="4">काम सम्पन्न भएको</td><td></td><td></td><td></td></tr>
<tr><td>१८</td><td colspan="4">आयोजना भौतिक प्रगतिको अवस्था</td><td></td><td></td><td></td></tr>
<tr><td>१९</td><td colspan="4">गोरेटो बाटो परियोजना सम्पन्न भएको</td><td></td><td></td><td></td></tr>
<tr><td>२०</td><td colspan="4">आयोजना सम्बन्धमा सरोकारवालाको राय सुझाव संक्षेपमा</td><td></td><td></td><td></td></tr>
<tr><td>२१</td><td colspan="4">गोरेटो बाटो योजनालाई सरसफाई गरी दिगोपनको लागि संरक्षण गर्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>२२</td><td colspan="4">निरीक्षण टोलीको राय सुझाव प्रतिक्रिया</td><td></td><td></td><td></td></tr>
</table>

उक्त योजनाको स्थलगत अनुगमनको क्रममा लागत अनुमान बमोजिक कार्यसम्पन्न भएको देखिएको हुनाले भुक्तानीका लागि सिफारिस गर्दछौ ।

**<u>अनुगमन कर्ता</u>**

संयोजक/वडाध्यक्ष-

सदस्य: -

सदस्य: -

सदस्य: -

सदस्य: -

सदस्य सचिव-

अनुसूचि २

कार्यविधिको दफा ९ को उपदफा (८) सँग सम्बन्धित

पालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण फाराम

| सुपरिवेक्षण तथा अनुगमन चेक लिष्ट | | | | | |
|---|---|---|---|---|---|
| **अजिरकोट गाउँपालिका वडा नं** | | | **आ.व. ०७९/०८०** | | |
| **आयोजना कार्यक्रमको नाम:** | | | | | |
| आयोजना कार्यक्रमको प्रकार भौतिक पूर्वाधार निर्माण सामाजिक सशक्तिकरण वा सामाजिक क्षमता विकास आयआर्जन क्रियाकलाप अन्य | | | | | |
| **सि.नं.7:247:32A57: 167:347:34** | **निरिक्षणका विषयहरु** | | **भएको** | **नभएको** | **कैफियत** |
| १ | आयोजना कार्यक्रमको कूल लागत | | | | |
| | क. विनियोजित रकम रु. | ग. गाउँपालिका वडा कार्यालय अनुदान रु. | | | |
| | ख. जनश्रमदान: | घ. अन्य निकाय: | | | |
| २ | आयोजना निर्माणको अवधि | | | | |
| | क. सुरु मिति: | ख. सम्पन्न मिति: | | | |
| ३ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहलाई तालिमको व्यवस्था | | | | |
| ४ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहमा सहभागिता | | | | |
| | क. महिला: | ख. पूरुष: | | | |
| ५ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले सम्बन्धित निकायसंग सम्झौता गरी सकेपछि लागत विवरण कार्य शुरु हुने,सम्पन्न हुने मिति खुलेको,होडिङ बोर्ड राखे नराखेको | | | | |
| ६ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले खर्चको विवरण राखे नराखेको | | | | |
| ७ | उपभोत्ता समिति समूह निर्माण व्यवसायीले आयोजनाको बारेमा छलफल गर्ने गरेको नगरेको | | | | |
| ८ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले गरेको कार्यको अभिलेख माईन्युट राखे नराखेको | | | | |
| ९ | आयोजना कार्यक्रमको सम्बन्धित प्राविधिक सरोकारले नियमित रेखदेख सुपरिवेक्षण गरेको नगरेको | | | | |
| १० | कार्य तालिका सामुदायिक कार्य योजना अनुसार काम भएको नभएको | | | | |
| ११ | निर्माण कार्य सन्तोषजनक भएको नभएको | | | | |
| १२ | आयोजना कार्यन्वयन गर्दा वातावरणीय पक्षलाई ध्यान दिएको नदिएको | | | | |
| १३ | उपभोत्ता समिति कार्यक्रम कार्यन्वयन गर्ने समूहले योजना सम्पन्न भएको भए सार्वजनिक परीक्षण गरी आम्दानी खर्च सार्वजनिक गरेको नगरेको | | | | |
| १४ | लक्ष्य अनुरुप प्रगति भए नभएको | | | | |
| १५ | आयोजना कार्यक्रमबाट लाभान्वित समुह घरधुरी संख्या घरदुरी | | | | |
| | क. महिला: | ख. पूरुष | | | |
| | ग. दलित: | घ. अन्य: | | | |
| १६ | आयोजना कार्यक्रमको मुख्य उपलब्धि बर्खे बाटो सरसफाई भई यातायात आगमन सुचारु गरेको | | | | |
| १७ | काम सम्पन्न भएको | | | | |
| १८ | आयोजना भौतिक प्रगतिको अवस्था | | | | |
| १९ | गोरेटो बाटो परियोजना सम्पन्न भएको | | | | |
| २० | आयोजना सम्बन्धमा सरोकारवालाको राय सुझाव संक्षेपमा बर्षेनी पहिरो आउने हुनाले पक्की ढलानको व्यवस्था गर्नुपर्ने। | | | | |
| २१ | गोरेटो बाटो योजनालाई सरसफाई गरी दिगोपनको लागि संरक्षण गर्ने | | | | |
| २२ | निरीक्षण टोलीको राय सुझाव प्रतिक्रिया काम सन्तोषजन रुपमा सम्पन्न भएको। | | | | |

उक्त योजनाको स्थलगत अनुगमनको क्रममा लागत अनुमान बमोजिक कार्यसम्पन्न भएको देखिएको हुनाले भुक्तानीका लागि सिफारिस गर्दछौ ।

**<u>अनुगमन कर्ता</u>**

संयोजक/उपाध्यक्ष:-

सदस्य: -

सदस्य: -

सदस्य: -

सदस्य: -

सदस्य सचिव-

**अनुसूचि ३**
**कार्यविधिको दफा ९ को उपदफा (९) सँग सम्बन्धित**
**पालिका स्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समिति**

संयोजकः गाउँपालिका उपाध्यक्ष

सदस्यः कार्यपालिकाले तोकेको २ जना कार्यपालिका सदस्य

सदस्यः पूर्वाधार शाखा प्रमुख

सदस्यः प्रमुख प्रशासकिय अधिकृतले तोककेको एकजना स.ई./अ.स.ई.

सदस्य सचिवः योजना तथा अनुगमन शाखा प्रमुख

**अनुसूचि ४**
**कार्यविधिको दफा १७ सँग सम्बन्धित**
**योजना जाँचपास तथा फरफारक समिति**

संयोजकः गाउँपालिका अध्यक्ष

सदस्यः गाउँपालिका उपाध्यक्ष

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः पूर्वाधार शाखा प्रमुख

सदस्यः लेखा अधिकृत/लेखापाल

सदस्य सचिवः प्रशासन तथा योजना शाखा प्रमुख

**अनुसूचि ५**

**कार्यविधिको दफा १९ सँग सम्बन्धित**

**टोल विकास संस्थाले योजना/कार्यक्रमको स्वामित्व लिएको सिफारिसको ढाँचा**

श्री ....... नं. वडा कार्यालय

अजिरकोट गाउँपालिका, गोरखा ।

**विषयः योजना/कार्यक्रमको अपनत्व ग्रहण गरिएको वारे ।**

उपरोक्त विषय सम्बन्धमा अजिरकोट गाउँपालिका ........वडामा ....... ...... ..... .............................उपभोक्ता समिति/व्यवस्थापन समिति/निर्माण व्यवसायीले निर्माण सम्पन्न गरेको .................................................................... योजना/कार्यक्रम अनुगमन गर्दा इस्टिमेट अनुसार कार्य सम्पन्न भएको देखिएको हुँदा गाउँपालिका र निर्माण सम्पन्न गर्ने निकायविच सम्झौता शर्तहरु प्रतिकुल नहुनेगरी यस योजना/कार्यक्रमको अपनत्व यस टोल विकास संस्थाले लिएको व्यहोरा बैठकको निर्णय माइन्युट सहित सिफारिस गरिन्छ ।

.................

अध्यक्ष

**नोटः टोल विकास संस्थाको लेटर प्याडमा लेख्ने ।**